ऐन नं २

# शुक्लाफाँटा नगरपालिका

## शुक्लाफाँटा नगरपालिकाको

# स्थानीय तहको विनियोजन ऐन, २०७४

शुक्लाफाँटा नगर सभाबाट स्वीकृत मिति २०७४।४।३२गते

# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यापालिकाको कार्यालय

झलारी,कञ्चनपुर
७ नं प्रदेश,नेपाल

# स्थानीय तहको विनियोजन ऐन, २०७४

## शुक्लाफाँटा नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन

**प्रस्तावनाः**

शुक्लाफाँटा नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम शुक्लाफाँटा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः**

(१)यस ऐनको नाम " शुक्लाफाँटा नगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७४।०७५को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः**

(१)आर्थिक वर्ष २०७४।०७५ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजि गत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४५,२०,१७,७९८।१७ (अक्षेरुपी पैचालिस करोड बिस लाख सत्र हजार सात सय अठानब्बे पैसा सत्र मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त शुक्लाफाँटा नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषय गत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिनआएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरकार्यपालिका | ३३१८५ | २२०५३४ | | २०९००० |
| २ | | वडा समिति | | १०५००० | | १०५००० |
| ३ | | बिषयगत कार्यालय सशर्त | | | | ९९६५५ |
| ४ | | सामाजिक सुरक्षा खर्च | ५८००० | | | ५८००० |
| ५ | | अन्य अनुदान खर्च | ५४६७ | १४८५६ | | २०३२३ |